# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०५।२८ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरू अरविन्द गिरी, राजेश्वर प्रसाद चौरसियासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट :-

- **प्रतिवादी अरविन्द गिरीले** भ्रष्टाचार निवारण ऐन, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिंदा निज उपर दस्तुरको बहानामा राष्ट्रसेवकलाई घुस रिसवत वापत दिएको रकम रु. १,२०,०००।- र नक्कली तथा गलत कागजातहरुबाट विद्यालयमा कार्यरत रही तलव भत्ता बुझिलिइ नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको रकम रु. ३,२०,८२४।- समेत गरी रु. ४,४०,८२४।- (चार लाख चालीस हजार आठ सय चौबीस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी घुस रिसवत दिएको रकम ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानि नोक्सानी गरेको रकम ऐ. ऐनको दफा १७ बमोजिम असूल उपर हुन;
- **प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निज राजेश्वर प्रसाद चौरसिया उपर अरविन्द गिरीबाट दस्तुरको बहानामा गैरकानूनी लाभ घुस रिसवत लिएको रकम रु. १,२०,०००।- र आफैंले नक्कली तथा गलत कागजातहरुका आधारमा विद्यालयमा कामकाजमा लगाएका तथा सिफारिस गरेका अरविन्द गिरीलाई तलव भत्ता वापत भुक्तानी दिलाई आफ्नो पदको दुरुपयोग गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको रकम रु. ३,२०,८२४।- समेत गरी विगो रु. ४,४०,८२४।- (चार लाख चालीस हजार आठ सय चौबीस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी घुस/रिसवत लिएको ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानि नोक्सानी गरेको रकम ऐ. ऐनको दफा १७ बमोजिम असूल उपर हुन; र
- **प्रतिवादी महेश प्रसाद यादवले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा मतियार हुने कार्य कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी महेश प्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम रु. ३,२०,८२४।- (तीन लाख वीस हजार आठ सय चौवीस) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको ।

विशेष अदालतको मिति २०८०/०९/२२ को फैसलाबाट निम्न आधारहरू लिई उक्त मुद्दामा आंशिक कसूर ठहर भएकोः-

- प्रतिवादी अरविन्द गिरीले यस अदालतमा बयान गर्दा समेत आफूले प्रतिवादी राजेश्वर प्रसाद चौरसियालाई रकम दिएको तथ्य स्वीकार गरेतापनि प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले अनुसन्धान अधिकारी समक्षको बयानमा लेखाएको रु.१०,०००।- लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो।

- प्रतिवादी महेश यादव भन्ने महेश प्रसाद यादवका हकमा निज उपर कर्मचारीसँगको मिलेमतोमा गलत तथा नक्कली कागजातहरूका आधारमा विभिन्न व्यक्तिहरूलाई शिक्षकको रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन शिक्षा अधिकृत (विद्यालय निरीक्षक) प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिकामा निर्वाह गरेको भन्ने आरोप रहेकोमा यस मुद्दामा प्रसँग उठाईएको दुवै विद्यालयसँग निज सम्वन्धित भएको देखिंदैन । प्रतिवादी अरविन्द गिरी स्वयंको अनुसन्धान अधिकारी तथा यस अदालत समक्षको बयानबाट पनि निजको संलग्नता खुल्दैन।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०५।२७ मा पुनरावेदन गरिएको छः-

**देहायः**

क) **प्रतिवादी अरविन्द गिरीले** अनुसन्धान अधिकारी समक्ष बयान गर्दा मैले शिक्षक नियुक्तिको लागि आवेदन नदिएको, छनौट परीक्षामा सहभागी समेत नभइ विद्यालयको नियुक्तिपत्र, जिल्ला शिक्षा कार्यालय पर्साको अभिलेख कायम गरी दरवन्दि सहित श्री ने.रा.नि.मा.वि. विजबनियाँ पर्सामा सरुवा भएको पत्र एवं रमानापत्र समेतका कागजातहरु राजेश्वर प्रसाद चौरसियाले विभिन्न दस्तुरहरुको बहानामा रु. १,२०,०००।- लिएर उपलव्ध गराएका हुन् भनी खुलाईदिएबाट कुनैपनि परीक्षाहरु नदिइ दस्तुरको बहानामा रु. १,२०,०००।- राजेश्वर प्रसाद चौरसियालाई घुस रिसवत दिएर निजबाट गलत तथा नक्कली कागजातहरु प्राप्त गरी सोही गलत तथा नक्कली पत्रहरुले श्री ने.रा.नि.मा.वि. विजबनियाँ पर्सामा राहत शिक्षकको पदमा कार्यरत रहेको भनी वयान गरेको देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी अरविन्द गिरीले अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र अरविन्द गिरीले घुस/रिसवत लिएको/दिएको रकम रु.१,२०,०००।-(एक लाख बिस हजार) कायम गरी सजाय गर्नु पर्नेमा अदालतले फैसला गर्दा समेत अनुसन्धान अधिकारी समक्षको बयानमा प्रतिवादी राजेश्वर प्रसाद चौरासिया स्वयमंले प्रतिवादीबाट पाएको भनी लेखाएको रु.१०,००० । लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो भनी फैसला गरेको त्रुटीपूर्ण रहेको।

ख) **प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले** अनुसन्धान अधिकारी समक्ष बयान गर्दा अरविन्द गिरी लगायतका व्यक्ति र कागजातहरु समेत लिई आउने र आफुलाई सहयोग वापत रकम उपलव्ध गराउने व्यक्ति श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सेढ्वा विर्ता पर्साका भु.पु. प्रधानाध्यापक महेश यादव हुन् भनी खुलाई दिएको। निज महेश यादवले विभिन्न व्यक्तिहरु लिइ गइ राजेश्वर प्रसाद चौरसियाबाट नक्कली तथा गलत कागजातहरु उपलव्ध गराउनमा सघाउ पुऱ्याएको कार्य गरी सोही नक्कली तथा गलत कागजातहरुका आधारमा आफु अनुकुलका व्यक्तिहरुले समेत तलव भत्ता भुक्तानी प्राप्त गर्ने गरी निकासा पठाउन तलव भत्ता निकासा सिफारिस गरी गराई प्रतिवादी महेश प्रसाद यादवले राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिकामा निर्वाह गरेको पुष्टी भै रहेको अवस्थामा प्रमाण ऐन २०३१ को दफा ९ तथा अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको मुल्याङ्कन नै सफाई दिने गरी भएको फैसला त्रुटीपुर्ण रहेको।

प्रवक्ता
नरहरि घिमिरे

<u>देहायः</u>

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र. अरविन्द गिरी, राजेश्वर प्रसाद चौरसिया र महेश प्रसाद यादव** (वि.अ. को मु.नं. **०७६-CR-०१०८**), वि.अ. को फैसला मिति २०८०।०९।२२) | **घुस रिसवत लिई नक्कली तथा गलत कागजातहरुको आधारमा शिक्षक नियुक्ती गरी तलव भत्ता समेत भुक्तानी दिई नेपाल सरकारलाई हानिनोक्सानी पुर्याई भ्रष्टाचार गरेको** | **प्रतिवादी अरविन्द गिरीले** भ्रष्टाचार निवारण ऐन, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिंदा निज अरविन्द गिरी उपर दस्तुरको बहानामा राष्ट्रसेवकलाई घुस रिसवत वापत दिएको रकम रु. १,२०,०००।- र नक्कली तथा गलत कागजातहरुबाट विद्यालयमा कार्यरत रही तलव भत्ता वुझिलिइ नेपाल सरकारलाई हानि नोक्सानी पुर्याएको रकम रु. ३,२०,८२४।- समेत गरी रु. ४,४०,८२४।- (चार लाख चालीस हजार आठ सय चौबीस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी घुस रिसवत दिएको रकम रु. १,२०,०००।- (एक लाख वीस हजार) ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानि नोक्सानी गरेको विगो रु. ३,२०,८२४।- (तीन लाख वीस हजार आठ सय चौवीस) ऐ. ऐनको दफा १७ बमोजिम असूल उपर हुन मागदावी लिईएको, **प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले** | **फैसलाः**<br>**प्रतिवादीहरु अरविन्द गिरी र राजेश्वर प्रसाद चौरसियाको** मिलोमतोमा नक्कली कागजात बनाइ प्रतिवादी अरविन्द गिरीले तलव भत्ता वापत रु.३,२०,८२४/- भुक्तानी लिई बदनियतपूर्वक नेपाल सरकारको हानी नोक्सानी पुर्‍याएको तथा उक्त कार्य वापत प्रतिवादी अरविन्द गिरी दिने र राजेश्वर प्रसाद चौरसिया लिने भई रिसवत वापत रु.१०,०००/- लेनदेन गरेको देखिन आएकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ क उपदफा(१) र (३) तथा दफा १७ को कसूर भएको देखिन आयो। तसर्थ सोही ऐनको दफा १७ बमोजिम प्रतिवादीहरुबाट बिगो जनही रु. १,६०,४१२/- असुल गरी निज प्रतिवादीहरुलाई सोर्ह ऐनको दफा ३ को उपदफा (१) बमोजिम रिसवत र बिगो बमोजिम जरिबाना जनह रु.१,६५,४१२/- र प्रतिवादी अरविन्द गिरीका हकमा ६ (छ) महिना कैद हुने तथा प्रस्तुत मुद्दा ए लगाउमा रहेका सम्पूर्ण मुद्दामा प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको समग्र भूमिका समेतला मध्यनजर गर्दा कसूरको गम्भिर्यता थप हुन गएको देखिएकाले दफा ३ को उपदफा (१) को ख (घ) बमोजिम एक (१) वर्ष कैदको सजाय हुने ठहर्छ। अर्का **प्रतिवादी महेश यादव भन्ने महे प्रसाद यादवले** मतियारको भूमिका निर्वाह गरेको तथ्य सबुत प्रमाणबाट पुष्टि हुन नआएकाले निजको हकमा आरोपदाबी पुग्न नसकी सफाई पाउने भनी मिति २०८०/०९/२२ मा फैसला भएको देखिन्छ।<br>**विशेष अदालत काठमाडौंले फैसला गर्दा निम्न आधार ग्रहण गरेको देखिन्छः**<br>**क.** प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको कार्य जिम्मेवारी, र हैसियत यो कसूरसँग सम्बन्धिन नै नरहेको अवस्था होईन। निजको जिल्ला शिक्षा कार्यालय सम्मको पहुँच, शिक्षकहरुको तथ्याङ्क र रिक्त पदपूर्तिको विवरणमा पहुँच, पारिश्रमिकको सिफारिस गर्दा शिक्षकको नाम सहितको सूची बनाउनु पर्ने कर्तव्य भएकोमा नबनाई गोश्वारा रकमको सिफारिस गरेको अवस्था एवं यो मुद्दा र लगाउमा रहेका समग्र मुद्दाहरुको स्थिति मध्येनजर गर्दा विवादित नक्कली कागजातहरु वनाई प्रतिवादी अरविन्द गिरीलाई श्री ने.रा.नि.मा.वि. सुगौली पटेर्वा पर्साको राहत शिक्षक पदमा | **क. प्रतिवादी अरविन्द गिरीले** अनुसन्धान अधिकारी समक्ष बयान गर्दा मैले शिक्षक नियुक्तिको लागि आवेदन नदिएको, छनौट परीक्षामा सहभागी समेत नभइ विद्यालयको नियुक्तिपत्र, जिल्ला शिक्षा कार्यालय पर्साको अभिलेख कायम गरी दरवन्दि सहित श्री ने.रा.नि.मा.वि. विजबनियाँ पर्सामा सरुवा भएको पत्र एवं रमानापत्र समेतका कागजातहरु जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जगरनाथपुरका शिक्षा अधिकृत वि.नि. राजेश्वर प्रसाद चौरसियाले विभिन्न दस्तुरहरुको बहानामा रु. १,२०,०००।- लिएर उपलव्ध गराएका हुन् भनि खुलाईदिएबाट कुनैपनि परीक्षाहरु नदिइ दस्तुरको बहानामा रु. १,२०,०००।- जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (वि.नी.) राजेश्वर प्रसाद चौरसियालाई घुस रिसवत दिएर निजबाट गलत तथा नक्कलि कागजातहरु प्राप्त गरी सोही गलत तथा नक्कली पत्रहरुले श्री ने.रा.नि.मा.वि. विजबनियाँ पर्सामा राहत शिक्षकको पदमा कार्यरत रहेको भनी वयान गरेको देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम **प्रतिवादी अरविन्द गिरीले** अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरु **राजेश्वर प्रसाद चौरासिया र अरविन्द गिरीले** घुस/रिसवत लिएको/दिएको रकम रु.१,२०,०००।-(एक लाख बिस हजार) कायम गरी सजाय गर्नु पर्नेमा विशेष अदालतले फैसला गर्दा समेत अनुसन्धान अधिकारी समक्षको बयानमा प्रतिवादी राजेश्वर प्रसाद चौरासिया स्वयमंले प्रतिवादीबाट पाएको भनी लेखाएको रु.१०,००० । लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो भनी फैसला गरेको देखिन्छ। विशेष अदालतले घुस/रिसपतको बापतको रकमको कम बिगो कायम गर्दा लिएको आधार भनेको कै अनुसन्धान अधिकारी समक्ष गरेको बयान नै देखिएकोमा स्वयम् **प्रतिवादी अरविन्द गिरीले** प्रतिवादी **राजेश्वर प्रसाद चौरासियालाई** पटक पटक गरी मसंगबाट रु. १,२०,०००।- रिसवत लिएको भनी अनुसन्धानको अधिकारी समक्ष गरेको बयानलाई विशेष अदालतले प्रमाणमा नलिई केबल मात्र १०,०००/- घुस/रिसवत बापतको बिगो कायम गरी गरेको फैसला त्रुटीपुर्ण रहेको हुँदा प्रतिवादीहरु **राजेश्वर प्रसाद चौरासिया र अरविन्द गिरीको** हकमा घुस/रिसवत बापत लिए/दिएको रकम नगद रु. १,२०,०००।— बिगो कायम गरी आरोपपत्र मागदावी बमोजिम हुन पुनरावेदन गर्ने,<br><br>**ख.** प्रतिवादी अरविन्द गिरीले अनुसन्धानको क्रममा बयान गर्दा राजेश्वर प्रसाद चौरसियालाई विभिन्न किसिमका दस्तुरहरुको बहानामा पटक पटक गरी मसंगबाट रु. १,२०,०००।- रिसवत लिएको भनी बयान गरेको अवस्थामा प्रतिवादीहरु अरविन्द गिरी र राजेश्वर प्रसाद चौरसिया बिच घुस/रिसवत बापत रु. १,२०,०००।— लिए/दिएको पुष्टी हुन्छ। अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित **(ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०)** भएको अवस्थामा प्रतिवादीहरु अरविन्द गिरी र राजेश्वर प्रसाद चौरसियाले घुस/रिसवत नलिए/नदिएको कुराको प्रमाण पुर्‍याउने भार निजहरुमा निहित हुनेमा निजहरुले घुस/रिसवत नलिएको/नदिएको कुनै प्रमाण पेश गर्न नसकेको देखिदाँ प्रतिवादीहरु अरविन्द गिरी र राजेश्वर प्रसाद चौरसियालाई घूस/रिसवत लिए/दिएको तर्फको आरोपपत्र मागदावीमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br><br>**ग.** प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा अरविन्द गिरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुर समेत गरेको देखिँदा निज राजेश्वर प्रसाद चौरसिया उपर अरविन्द गिरीबाट दस्तुरको बहानामा गैरकानूनी लाभ घुस रिसवत लिएको रकम रु. १,२०,०००।- र आफैले नक्कलि तथा गलत कागजातहरुका आधारमा विद्यालयमा कामकाजमा लगाएका तथा सिफारिस गरेका अरविन्द गिरीलाई तलव भत्ता वापत भुक्तानी दिलाई आफ्नो पदको दुरुपयोग गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको रकम रु. ३,२०,८२४।- समेत गरी विगो रु. ४,४०,८२४।- (चार लाख चालीस हजार आठ सय चौबीस) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी घुस/रिसवत लिएको रकम रु.१,२०,०००।- (एक लाख वीस हजार) ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानि नोक्सानी पुगेको विगो रु. ३,२०,८२४।- (तीन लाख वीस हजार आठ सय चौवीस) ऐ. ऐनको दफा १७ बमोजिम | नक्कली नियुक्ति समेतका कागजातका आधारमा तलव भत्ता भुक्तानी गरेको आरोपित कसूरमा यी प्रतिवादीहरु अरविन्द गिरी र राजेश्वर प्रसाद चौरसियाको संलग्नता देखिन आयो।<br>**ख.** प्रथमतः नक्कली कागजातका आधारमा शिक्षक पदको तलव भत्ता भुक्तानी भएको तथ्य स्थापित भैसकेको छ । राष्ट्रसेवकले यस प्रकारको भ्रष्टाचारजन्य कार्य गर्दा कुनै सबुत प्रमाण छाड्ने स्थिति सामान्यतया हुँदैन । नक्कली नियुक्ति र सरुवा पत्र नै तयार गरी त्यस्ता कागजातका आधारमा पारिश्रामिक भुक्तानी लिने कार्य सामान्य नभई जोखिमपूर्ण कार्य नै हुन्छ । यस्तो जोखिमको प्रत्यक्ष संरक्षण सम्बन्धित संस्थाका प्रमुख र खर्च लेने अधिकारी एवं अनुगमन नियमन गर्ने अधिकारीबाट नै सम्भव हुन्छ । प्रतिवादी अरविन्द गिरीले यस अदालतमा बयान गर्दा समेत आफूले प्रतिवादी राजेश्वर प्रसाद चौरसियालाई रकम दिएको तथ्य स्वीकार गरेको पाईन्छ । विना फाईदा यस्तो जोखिमपूर्ण कार्य गरिने र गराईने पनि हुँदैन । लगाउमा रहेका ०७६-CR- ०७६-CR-०१०४, ०७६- ००८६, ०७६-CR-००८९, ०७६-CR- ००९२, ०७६-CR- ०१०३, ०७६-CR- ०१०४, CR-०१०६, ०७६-CR- ०१०७ लगायतका मुद्दामा आफूले रकम लिएको तथ्य प्रतिवादी राजेश्वर प्रसाद चौरसिया स्वयंले पनि स्वीकार गरेको पाईन्छ । तसर्थ अनुसन्धान अधिकारी समक्षको बयानमा प्रतिवादी राजेश्वर प्रसाद चौरसिया स्वयंले प्रतिवादी पाएको भनी लेखाएको रु.१०,००० । लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो ।<br>**ग.** अर्का प्रतिवादी महेश यादव भन्ने महेश प्रसाद यादवका हकमा विचार गर्दा निज श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सेडवा विर्ता पर्साका भु.पू. प्रधानाध्यापक भएको देखिन्छ। निज उपर कर्मचारीसँगको मिलेमतोमा गलत तथा नक्कली कागजातहरूका आधारमा विभिन्न व्यक्तिहरूलाई शिक्षकको रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन शिक्षा अधिकृत (विद्यालय निरीक्षक) प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिकामा निर्वाह गरेको भन्ने आरोप रहेकोमा यस मुद्दामा प्रसँग उठाईएको दुवै विद्यालयसँग निज सम्बन्धित भएको देखिँदैन । प्रतिवादी अरविन्द गिरी स्वयंको अनुसन्धान अधिकारी तथा यस अदालत समक्षको बयानबाट पनि निजको संलग्नता खुल्दैन । निजको संलग्नता पुष्टि हुने अन्य मनासिव कारण र आधारसमेत मिसिलबाट देखिन आउँदैन | लगायतका व्यक्ति र कागजातहरु समेत लिइ आउने र आफुलाई सहयोग वापत रकम उपलब्ध गराउने व्यक्ति श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सेढ्वा विर्ता पर्साका भु.पु.प्रधानाध्यापक महेश यादव हुन् भनि खुलाईदिएको देखिन्छ। मुख्य आरोपी राजेश्वर प्रसाद चौरसियाले सनाखत समेत गरिदिइ आफुलाई सहयोग गर्ने व्यक्ति भनि खुलाईदिए अनुसार निज महेश यादवले विभिन्न व्यक्तिहरु लिइ गइ राजेश्वर प्रसाद चौरसियाबाट नक्कलि तथा गलत कागजातहरु उपलव्ध गराउनमा सघाउ पुर्याउने कार्य गरी सोही नक्कलि तथा गलत कागजातहरुका आधारमा आफु अनुकुलका व्यक्तिहरुले समेत तलव भत्ता भुक्तानी प्राप्त गर्ने गरी निकासा पठाउन तलव भत्ता निकासा सिफारिस गरी गराई निज राजेश्वर प्रसाद चौरसियालाई गैर कानूनी लाभ उपलव्ध गराउने काम गरेको खुल्न आएकोले राष्ट्रसेवक कर्मचारीसंगको मिलेमतोमा गलत तथा नक्कलि कागजातहरुका आधारमा विभिन्न व्यक्तिहरुलाई शिक्षकको रुपमा तलव भत्ता समेत भुक्तानी दिलाउन गैरकानूनी लाभ प्राप्त गर्न **प्रतिवादी महेश प्रसाद यादवले** जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिकामा निर्वाह गरेको पुष्टी भै रेहेको अवस्थामा प्रमाण ऐन २०३१ को दफा ९ तथा ***अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छूट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ*** भनी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त **(ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०)** को मुल्याङ्कन नै नगरी विशेष अदालतबाट **प्रतिवादी महेश प्रसाद यादवलाई** सफाई दिने गरी भएको फैसला त्रुटीपुर्ण रहेको,<br>, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | असूल उपर हुन मागदावी लिईएको, **प्रतिवादी महेश प्रसाद यादवले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा मतियार हुने कार्य कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी महेश प्रसाद यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम रु. ३,२०,८२४।- (तीन लाख वीस हजार आठ सय चौवीस) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन मागदावी लिइएको | । तसर्थ आफ्ना हकमा ईन्कारी बयान गर्ने राजेश्वर प्रसाद चौरसियाको अनुसन्धान अधिकारी समक्षको बयान मात्रको आधारमा यी प्रतिवादीको संलग्नता भएको भन्न मिलेन । | |